
२०८० साल, वर्ष ६ ,अंक १६ (मङ्सिर)

लाटोकोसेरो संरक्षण सबैका लागि



# हाप्सिलो

(लाटोकोसेरो सम्बन्धी चौमासिक पत्रिका)



तस्वीर : मिलन तामाङ्ग



*बाग्लुङ्गबाट उद्धार गरिएको मलाह हुचील : आयुष ढुंगाना*

**यो अङ्कमा**

**कथा : बाघलाइ झुक्याउने त्यो लाटोकोसेरो !..............................४**
पर्वतमा हुने भयो लाटोकोसेरो उत्सव !....................................५
हाप्सिलोको उद्धारमा कठिनाइ...............................................६
धादिङमा हाप्सिलोको उद्धार...................................................७
अन्तराष्ट्रिय लाटोकोसेरो सम्मेलन ..............................................९
लाटोकोसेरो सम्बन्धी रमाइला जानकारीहरू.............................१०
विद्यार्थी र समुदायसँग लाटोकोसेरोको चिनजान .......................११
लाटोकोसेरो सँग बिताएका ती १० दिनहरू !..............................१२

## हाम्रो भन्नु !

वार्षिक रूपमा हुँदै आएको ‘लाटोकोसेरो तथा हुचील’ उत्सव एघारौँ संस्करणको रूपमा पर्वत जिल्लाको लोप्रे स्थित फलामे डाँडामा हुने भएको छ । हाल सम्म ६० हजार भन्दा बढी सरोकारवालाहरू सँग यिनको विभिन्न आयामहरूको बारेमा प्रत्यक्ष छलफल गर्ने थलो बनेको यो उत्सव विदेशमा समेत उत्तिकै रुचिका साथ हेरिन्छ । यस्तो उत्सव संसारभर अमेरिका, इटाली, भारत तथा नेपालमा आयोजना गरिन्छ। नेपालमा ‘लाटोकोसेरो तथा हुचील’ चोरी सिकारी तथा अवैध व्यापार नियन्त्रणको लागि गरिएको प्रयास पछिल्लो समयमा सफल देखिएको छ । थप प्रभावकारी बनाउन नेपालभर यिनको संरक्षणको लागि डिभिजन वन कार्यालयहरूको सहयोग अपरिहार्य बनेको छ।

**सम्पादक**

## कथा : बाघलाइ झुक्याउने त्यो लाटोकोसेरो !



राजु आचार्य

कुनै समय वनको छेउमा एउटा सानो पोखरी थियो । पोखरीको नजिकै धेरै जीवहरू बसोबास गर्थे । तीमध्ये एउटा कछुवा र लाटोकोसेरो निक्कै मिलेर बसेका थिए। तिनीहरूले फुर्सद हुने बित्तिकै आफ्ना कुराहरू एक अर्कालाई बताउँदै , हाँस्दै र रमाइलो गर्दै बिताई रहेका हुन्थे । तिनको मित्रताको चर्चा टाढा-टाढा सम्म फैलिएको थियो ।

एक दिन, तिनीहरू कुराकानीमा व्यस्त थिए । सोही बेला एउटा बाघ पोखरीको अर्को छेउबाट अचानक निस्कियो। लाटोकोसेरोले रुखमा बसेकोले देखि हाल्यो । कछुवालाई केही गरी हाल्छ कि भनेर डरायो । उसले कछुवा तिर फर्किएर कराउन थाल्यो "बाघ! बाघ! दौडनुहोस् , टाढा!"

चेतावनी सुनेपछि कछुवाले भाग्ने प्रयास त गऱ्यो तर बिस्तारै हिँड्ने कछुवा पोखरीमा पुग्न सकेन। छिटो छिटो आएको बाघले कछुवालाई समात्यो। बिस्तारै हिँड्ने त्यो कछुवाले बाघको पन्जाबाट फुत्कने प्रयास गरे पनि उ सफल हुन् सकेन । उ रुन थाल्यो , कराउन थाल्यो।

बाघले कछुवालाई कहिले नङ्ग्राले चिथर्थ्यो त कहिले मुखले टोक्ने प्रयास गर्थ्यो । कछुवालाई लाग्यो उसको आज अन्तिम दिन रहेछ । कछुवाको स्वादिष्ट मासु खानको लागि यसको कडा खोल तोड्न पर्ने भयो, जुन बाघलाई निकै गाह्रो भई रहेको थियो।

लाटोकोसेरोले मन मनै सोच्यो 'अब केही समय सम्म यस्तै भयो भने त्यो कडा खोल तोडिन सक्छ। मेरो मित्र मर्न सक्छ' । उसले उपाय निकाल्यो । उ बाघको नजिकै पुगेर भन्यो 'बाघ दाइ तपाईंलाई त थाहा नै छैन कि क्या हो ? यो कडा खोललाई एकछिन् पानीमा भिजाउने हो भने नरम हुन्छ अनि तपाईंले खान सक्नु हुन्छ?'

बाघले पनि आफूलाई सबै कुरा थाहा पाए जसरी भन्यो 'थाहा छ, तैँले मलाई सिकाउनु पर्दैन । म त वनको राजा पो हो' । बाघले त्यो कछुवालाई पोखरीको किनारमा पानी भएको ठाउँमा राखिदियो र आफू छेउमा घाम तापेर बस्न थाल्यो । यही मौका छोपेर कछुवा बिस्तारै गहिरो पानी भएको ठाउँतिर लाग्यो । बाघ निराश बन्यो । आफूले गरेको गल्ती बल्ल महसुस गर्न थाल्यो। उसले रुखमा बसेको लाटोकोसेरो तिर हेऱ्यो । लाटोकोसेरो भने मुसु मुसु हाँसी रहेको थियो।

लाटोकोसेरोले कछुवालाई जोगाएको कुरा वनभरि चर्चा हुन् थाल्यो । सबैले भन्न थाले मित्रता होस् त 'कछुवा र लाटोकोसेरो जस्तो' । उनीहरू भन्ने गर्थे 'लाटोकोसेरो त वास्तवमा बाठोकोसेरो हो'।

## पर्वतमा हुने भयो लाटोकोसेरो उत्सव !

यो वर्षको लाटोकोसेरो उत्सव पर्वत जिल्लाको, जलजला गाउँपालिकाको लोप्रे भन्ने स्थानमा हुने भएको छ । समुन्द्र सतहबाट २३०० मिटरको उचाइमा रहेको यो बस्तीमा मगर समुदायको बसोबास रहेको छ । म्याग्दी जिल्लाको बेनीबाट मल्लाज हुँदै करिब १३ किलोमिटरको दुरीमा यो बस्ती रहेको छ ।

सन् २०१२ मा पहिलो पटक यो उत्सवको सुरुवात धादिङ जिल्लाबाट सुरु भएको थियो । करिब १८० जना स्थानीयको उपस्थितिमा भएको यो उत्सव केही घण्टामा सकिएको थियो । त्यसपछिका बर्सहरूमा यो उत्सव २ दिन सम्म हुने गरेको छ । औसतमा ३ देखि ५ हजार मानिसको उपस्थिति रहने यो उत्सव वर्षेनी नयाँ जिल्लामा हुने गरेको छ । अहिलेको उत्सव एघारौँ संस्करण हो ।

मानिसलाई दुख नदिने तर मुसाको सङ्ख्या नियन्त्रण गरेर किसानलाई सहयोग गर्ने यो चरालाई किसानको साथी पनि भनिन्छ । यिनको चोरी सिकारी र अवैध व्यापार नियन्त्रणको लागि यो उत्सव हुने गरेको छ । नेपाल समेत यो उत्सव अमेरिका, इटाली र भारतमा पनि हुने गरेको छ।



*यसपालिको लाटोकोसेरो उत्सव हुने लोप्रे गाउँ (तस्वीर : राजु आचार्य )*

## हाप्सिलोको उद्धारमा कठिनाइ

जाजरकोट जिल्लाको बारकोटे भन्ने स्थानमा घाइते अवस्थामा भेटिएको हाप्सिलोलाई संरक्षणकर्मी गोविन्द बहादुर सिंहले उद्धार गरे पनि आवश्यक उपचार सामग्रीको अभावमा उपचार हुन् सम्भव भएन। यसका लागि आवश्यक तालिम तथा सामाग्रीहरूको वितरण आवश्यक भएको छ।









तस्वीरहरु : गोविन्द बहादुर सिंह

## धादिङमा हाप्सिलोको उद्धार

२०८०, मङ्सिर महिनामा धादिङ जिल्लामा उद्धार गरिएको हाप्सिलो प्रजातिको लाटोकोसेरोको प्राकृतिक वनमा पुनर्स्थापना गरिएको छ । डिभिजनल बन अधिकृत विष्णु प्रसाद आचार्यको नेतृत्वमा वन कार्यालयको टोलीले सो उद्धार गरेको हो । सबै टोलीलाई धन्यवाद ।



*(तस्वीर : डिभिजनल बन कार्यालय, धादिङ)*




अवधारणा तथा डिजाइन: राजु आचार्य

# अन्तराष्ट्रिय लाटोकोसेरो सम्मेलन

हालै अमेरिकामा सम्पन्न भएको अन्तर्राष्ट्रिय लाटोकोसेरो सम्मेलनमा १६ देशका १२० जना लाटोकोसेरोको अनुसन्धानकर्मीहरू तथा संरक्षणकर्मीहरूको उपस्थिति भएको थियो । निमन्त्रणा आए पनि प्रकृतिका साथीहरूका निर्देशक राजु आचार्य सहभागी हुन् पाउनु भएन । नेपालमा भएको संरक्षणका कामहरूको बारेमा अनौपचारिक रूपमा छलफल भएको जानकारी प्राप्त भएको थियो।



## लाटोकोसेरो सम्बन्धी रमाइला जानकारीहरू

- लाटोकोसेरोहरू मांसाहारी चराहरू हुन् । यिनीहरू सिकार गरेर आफ्नो जीवनयापन गर्छन् । Northern Pygmy Owl ले कहिले काहीँ फलफूल पनि खाएको अभिलेख छ।
- साना लाटोकोसेरोहरू औसत ३-६ वर्ष सम्म बाच्ने गर्छन् । ठुला प्रजातिहरू २० वर्ष सम्म पनि बचेको अभिलेख छ । नेपालमा पाउने हाप्सिलो प्रजातिहरू लामो समय बाच्ने लाटोकोसेरोमा पर्छन्।
- लाटोकोसेरोले आफ्नो आँखालाई घुमाउन सक्दैनन् तर टाउको (घाँटी) भने एकै दिसामा २७० डिग्री सम्म घुमाउन सक्छन् । मानिसले भने ९० डिग्री मात्र घुमाउन सक्छन्।
- लाटोकोसेरोको समूहलाई संसद् भनिन्छ । विदेश तिर लाटोकोसेरोलाई ज्ञान सँग तुलना गरिन्छ भने नेपाल जस्तो मुलुकमा लाटो र अल्छी मानिससङ्ग तुलना गरिन्छ।
- घरको छानामा आएर करायो भने त्यो घरको मानिस बिरामी हुन्छ भन्ने भनाइ छ।
- लाटोकोसेरोले १४ वटा सम्म फुल पारेको अभिलेख छ । कति फुल पार्ने भन्ने कुरा त्यो क्षेत्रमा पाइने खानामा भर पर्छ । खानामा कमी भयो भने फुल नपार्न पनि सक्छ।
- नेपालमा यिनको चोरी सिकारी वार्षिक रूपमा करिब १५ सयको हाराहारीमा हुने अनुमान गरिएको छ।



## विद्यार्थी र समुदायसँग लाटोकोसेरोको चिनजान

वन विज्ञान अध्ययन संस्थान पोखराका विद्यार्थी आयुष ढुङ्गानाको सहजिकरनमा हालै प्रकृतिका साथीहरू संस्थाले गण्डकी प्रदेशका ६ वटा जिल्लामा लाटोकोसेरो संरक्षण चेतना शिविर सञ्चालन गरेको छ । पर्वत, स्याङ्जा, पूर्वी नवलपरासी, बागलुङ, तनहुँ र म्याग्दी जिल्लामा सञ्चालित सो कार्यक्रमबाट २६ विद्यालय र ७ समुदायका १३४१ जना लाभान्वित भएका थिए। जसमध्ये १८१ जना स्थानीय समुदाय र ११६० जना विद्यार्थीहरू थिए। उक्त चेतना शिविरमा लाटोकोसेरोका विभिन्न आयामहरूका बारेमा जानकारी दिइएको थियो।





## लाटोकोसेरो सँग बिताएका ती १० दिनहरू !



**सन्दिप क्षेत्री लुइँटेल**

**मेचीनगर ४, झापा ।** यसपालि तिहारको तेस्रो दिन (गाई तिहार) साँझ घर फर्कने क्रममा एक अचम्मको घटना घट्यो। करिब साढे सात बजेको समय, बाटो छेउमा केही केटाकेटी मोबाइलको फ्ल्यास लाइट भुईँमा देखाइरहेका थिए। नजिक पुगेर मोटरसाइकल रोके । एउटा उड्न नसक्ने चरासँग केटाकेटीहरु जिस्की रहेका थिए । चरा डराइ रहेको थियो । त्यो चरा अरु नभएर लाटोकोसेरो थियो । उक्त चरालाई केटाकेटीहरू पनि 'उल्लु उल्लु' भन्दै थिए । हेर्दा घाइते देखिने र उड्न नसक्ने उक्त चरालाई सोही हालतमा छाड्ने वा के गर्ने अलमल्ल जस्तो भयो। त्यसै छोड्दा मर्ने वा मारिने सम्भावना देंखे । भारतमा तिहारको बेलामा लाटोकोसेरोको बलि दिएको प्रसङ्ग सुनेको थिए । यो चरा पनि कतै मर्ने हो कि भन्ने लाग्यो ।

त्यसपछि, चरा संरक्षण र अनुसन्धानमा म सगसगै काम गर्ने चरा फोटोग्राफर र संरक्षणकर्मी देवेन खरेललाई मैले फोन गरे । केही समयको छलफल पछि उक्त लाटोकोसेरोलाई उपचारको लागि केही समय सुरक्षित स्थानमा लाने निर्णय गरे। त्यसै अनुसार घाइते लाटोकोसेरोलाई सावधानी पूर्वक उद्धार गरियो र आफ्नै घर तर्फ लागें । आउँदै गर्दा, तिहारमा लक्ष्मीलाई पुज्ने बेला लाटोकोसेरोको पनि पूजा हुन्छ भन्ने कुरा मनमा खेलिरहेको थियो । अर्कातर्फ, गाउँघरमा लाटोकोसेरोलाई कुदृष्टि तथा अलच्छिनका रूपमा हेरिने कुरा पनि याद आयो।

घरमा आइपुगेर एक थान कार्टुनको व्यवस्था गरे र लाटोकोसेरोलाई कार्टुनमा राखे। नजिकैबाट हेर्दा दाहिने आँखा हेर्न नसक्ने साथै देब्रे तर्फको पखेटामा चोट लागेको भेटियो। भोलिपल्ट बिहान आहारको रूपमा कुखुराको मासुलाई स-साना टुक्रा पारि, पानीको पनि व्यवस्था गरेँ । दिनभरको समय बितिसक्दा पनि उक्त मासुका टुक्रा लाटोकोसेरोले खाएन । भोलिपल्ट, घर नजिकै बन्द अवस्थामा रहेको खोरमा लाटोकोसेरोलाई स्थानान्तरण गरियो ।

सामान्य हिँड्ने तर उड्न नसक्ने उक्त लाटोकोसेरोले त्यस दिन पनि खाना तर्फ ध्यान दिएन । आहार नखाँदा स्वास्थ्यमा समस्या पर्ने देखिएपछि उद्धार गरेका लाटोकोसेरोलाई खाना खुवाउने तरिका इन्टरनेटमा खोजे । एक उद्धारकर्ताले आफ्नो भिडियोमा घाइते लाटोकोसेरोले आफै खाना नटिपेमा मान्छे आफैले खानेकुरा मुख भित्र राखिदिनु पर्ने बताए। सोही अनुरूप मासुका मसिना टुक्रालाई कैँचीमा च्यापेर मुखमा राख्दा भने निल्यो र पानी पनि सानो सिरिन्जबाट खुवाइयो। यसरी नै दिनको एक पटक मासुका टुक्रा र पानी खुवाउने क्रम चल्यो। चोट लागेको पखेटाको भागमा पनि नियमित औषधि राखे। यो क्रम एक साता सम्म चल्यो। क्रमिक सुधार सँगै लाटोकोसेरो उड्न सक्ने हुँदै थियो। आँखामा भने कुनै सुधार देखिएन र स्थायी रूपमै क्षति भएको अनुमान गरेँ।

मङ्सिर ६ गते, उद्धारको १० दिन पछि उक्त लाटोकोसेरोलाई उद्धार गरेकै स्थान नजिकै छोडियो । १० दिनसम्म सँगै बसेको चरालाई छोड्नु पर्दा एउटा साथी गुमाएको अनुभव भयो । तर के गर्ने उसको घर नै वन थियो । जीवनमा पहिलो पटक यसरी लाटोकोसेरोको ज्यान बचाउन पाएकोमा मन खुसी थियो ।

प्रजाति पहिचान गर्दा नेपालमा पाइने एक प्रजाति, अङ्ग्रेजी भाषामा Collared Scops-owl नामले चिनिने चित्रि उलुक सँग मिल्दोजुल्दो देखिन्छ । 'प्रकृतिका साथीहरू' बाट प्रकाशित पुस्तक 'नेपालका लाटोकोसेरोहरू' मा देशभरमा यस प्रजातिको सङ्ख्या थाहा नभएको तर घट्दै गएको उल्लेख गरिएको छ। हालसम्म यो प्रजाति पूर्वी नेपालेको ताप्लेजुङ, संखुवासभा, उदयपुर, सुनसरी र मोरङ जिल्ला पाइएको तथ्य पनि राखिएको छ।







(सन्दिप क्षेत्री लुइँटेल हाल वन विज्ञान अध्ययन संस्थानमा स्नातक तहमा अध्ययनरत छन् ।उनी पूर्वी नेपालमा वन्यजन्तु अध्ययन र संरक्षणमा काम गरिरहेका छन् ।)



*झापा  जिल्लामा भेटिएको घाइते  लाटोकोसेरो प्राकृतिक वासस्थानमा फर्केको छ*
*(तस्वीर : सन्दिप लुइँटेल)*

## 'प्रकृतिका साथीहरु'को चौमासिक प्रकाशन हाप्सिलो


**अवधारणा :** राजु आचार्य र यादव घिमिरे
**सम्पादक :** राजु आचार्य
**पाहुना भाषा सम्पादक  :** रमेश पोख्रेल
**लेख, रचना तथा सम्पर्कका लागि :** naturesfren@yahoo.com